निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




# कार्यालय नगई अनलाइनबाट
# मतदाता परिचयपत्र बनाउने तरिका

1

## वेबसाइट खोल्ने:

मोबाइल वा ल्यापटपमा कुनै पनि ब्राउजर (Google Chrome, Edge etc) मा निर्वाचन आयोगको वेबसाइट (Election.gpv.np) खोल्नुहोस र "मतदाता नामावली प्रि रजिष्ट्रेशन र अध्यावधिक" मा क्लिक गरी "नयाँ दर्ता" मा क्लिक गर्नुहोस।




2

## NID प्रमाणीकरण:

आफ्नो राष्ट्रिय परिचय पत्र नम्बर, जन्म मिति (AD/ईस्वी सम्वत्), पहिलो नाम (अंग्रेजीमा) र जोड वा घटाउ को हिसाव गरी उत्तर लेख्नुहोसमा राखी "NIN बाट प्रमाणीकरण गर्नुहोस" मा क्लिक गर्नुहोस।




3

## स्थायी ठेगाना:

यसमा राष्ट्रिय परिचय पत्र (NIN) मा भएको विवरण अनुसार ठेगाना देखिन्छ हेरेर "अर्को" मा क्लिक गर्नुहोस।




4

## व्यक्तिगत विवरण:

तपाईको धेरै विवरण NIN बाट आफै भरिनेछ। तपाईले केवल आफ्नो मोबाईल नम्बर वा इमेल राखेर "अर्को" मा क्लिक गर्नुहोस।




5

## नागरिकताको विवरण:

- नागरिकताको किसिम छान्नुहोस (किसिम नागरिकताको पछाडी हुन्छ)
- स्थायी ठेगाना र मतदान गर्ने स्थल छानेर "अर्को" मा क्लिक गर्नुहोस।

*(NID) मा भएको ठेगाना भन्दा फरक ठेगाना राख्नुपरेमा बसाइसराई वा विवाहदर्ता प्रमाण-पत्र अपलोड गर्नुहोस।




6

## अपाङ्गता:

अपाङ्गता हो वा होइन सोही अनुसारको विवरण छानेर "अर्को" मा क्लिक गर्नुहोस।




7

## अन्य:

मातृभाषा, शैक्षिक योग्यता र समुह वर्ग (*आ.ज., दलित, मधेसी, मुस्लिम र थारु वाहेक सबै थरहरु खस आर्य वर्गमा पर्दछन) छान्नुहोस।




8

## पुनरावलोकन:

भरेका सबै विवरण ठिक छन् कि छैनन् हेर्नुहोस र अन्त्यमा "दर्ता गर्नुहोस" मा क्लिक गर्नुहोस। (* यदि केही गलत छ भने अघिल्लो मा क्लिक गरेर NID बाट प्राप्त बाहेकका विवरण सच्याउन सकिन्छ।)




जिल्ला निर्वाचन कार्यालय, रसुवा